# जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

## शिक्षक कर्मचारीको हाजिरी व्यवस्थापन गर्ने बारेको सूचना।

(प्रकाशित मिति:- २०८०/०६/१४)

शिक्षा क्षेत्रको समग्र शैक्षिक गुणस्तर बढाउन शिक्षक कर्मचारीको नियमितता एक अपरिहार्य पक्ष हो । मिति २०८०/०६/०८ र ९ मा यस गाउँपालिका अन्तर्गतका केही सामुदायिक विद्यालयहरुमा शिक्षक कर्मचारीहरुको हाजिरी छड्के जाँच तथा निरीक्षण गर्दा विदा स्वीकृत नगरी अनुपस्थित भएका शिक्षक कर्मचारीहरुको हाजिरी पुस्तिकामा गयल जनाइएकोमा यस कार्यालयको प.स.२०८०/०८१ च.नं. ८८८ मिति २०८०/०६/१० गतेको पत्रानुसार सम्बन्धित विद्यालयबाट पेश भएका लिखित स्पष्टीकरण बारे छलफल गर्दा यस कार्यालयको मिति २०८०/०६/१४ को निर्णयानुसार शिक्षक कर्मचारीले नियमानुसार पाउने विदाबाट मिलान हुने गरी अनुपस्थित शिक्षक कर्मचारीहरुको हाजिरी व्यवस्थापन गर्न हुन अनुरोध छ। साथै अब उप्रान्त नियमानुसार विदा स्वीकृत गरी मात्र शिक्षक कर्मचारीहरुको विदा व्यवस्थापन गर्न गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यस सूचनाको अवज्ञा गरी अनुपस्थित भएको पाईएमा अनुपस्थित हुने शिक्षक कर्मचारीलाई प्रचलित कानून बमोजिम भईजाने व्यहोरा निर्देशनानुसार जानकारी गराइन्छ।

२०८०/०६/१४

.......................

नर कार्की

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत



फोन नं. ✆ ०९१-५०००७६,०९१-५०००७७, ०९१-५०००७८, ०९१-५०००७९ (LEOC)
E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np
Google Plus Code : H455+W2H Durgauli